*ISSN: 2645-8489*
**Original Article**

# अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकन पद्धति

**ओमप्रकाश आचार्य**
त्रिभुवन विश्वविद्यालय
Email: omacharya3851@gmail.com
https://orcid.org/0009-0000-4362-5156

**सार**

*अनुसन्धान कार्यमा पूर्वकार्यको पुनरावलोकन अपरिहार्य हुन्छ । पूर्वकार्यले अनुसन्धानको सैद्धान्तिक र अवधारणात्मक खाका तयारीमा मद्दत गर्दछ । अनुसन्धान कार्यलाई पुनरावृत्ति हुनबाट समेत रोक्छ । पूर्वकार्यको पुनरावलोकन गर्दा ध्यानदिनुपर्ने केही सैद्धान्तिक तथा व्यावहारिक अभ्यासात्मक पक्षहरु छन् । त्यसलाई अवलम्बन गरि यो भने अध्ययन गर्न चाहेको विषय क्षेत्रका लागि यथेष्ठ मात्रामा सहयोग पुग्छ । अनुसन्धानको विषय क्षेत्र अनुसारका पूर्वकार्यको समीक्षा पुनरावलोकन हुने गर्दछ । सम्बद्ध विषय र क्षेत्रको व्यापक चर्चा सहित सार समेतको प्राप्ति हुन्छ । जसले गर्दा अनुसन्धान विश्वसनीय र वैध, तथ्यपरक वस्तुनिष्ठ हुन्छ । तसर्थ अनुसन्धान कार्यमा पूर्वकार्यको पुनरावलोकन पद्धतिगत रुपमा हुनेगर्दछ । पूर्वकार्यको पुनरावलोकन किन गरिन्छ ? कसरी गरिन्छ ? पुनरावलोकन गर्दा के के गरिनुपर्छ भन्ने कुराको अध्ययन यस लेख मार्फत गरिएको छ । अनुसन्धानमा पूर्वकार्यलेअध्ययन क्षेत्रको निर्धारिण गर्न, नवीन ज्ञान तयार पार्न, समस्याको पहिचान गर्न, अध्ययनको धारणा तयार, अनुसन्धान नदोहोरिन, अध्ययनको निष्कर्ष विश्लेषण गर्न,अनुसन्धानको उपादेयता, उपलब्धि पहिचान गर्न, अध्ययनसँग सम्बन्धित खण्डको टिपोट गर्न । अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकन गरिनु पर्छ । यसबाट सैद्धान्तिक संरचना निर्माणमा सहहयोग पुग्दछ । सैद्धान्तिक ढाँचा र अवधारणात्मक ढाँचा निर्माण यसैका आधारमा हुने गर्दछ ।*

Corresponding Author
ओमप्रकाश आचार्य
Email: omacharya3851@gmail.com

Funding: This research received no specific grant from any funding agency in the Public, commercial, or not-for-profit sectors.

Copyright: © 2024 The Author(s). This work is licensed under a Creative Commons Attribution 4.0 International License.
With the license CC-BY, authors retain the copyright, allowing anyone to download, reuse, re-print, modify, distribute, and/or copy their contribution. The work must be properly attributed to its author.

OPEN ACCESS

**मुख्य शब्दावली:** *नवीन, प्रतिपादन, पद्धति, सैद्धान्तिक, अवधारणात्मक ।*

**JEL Classification:** *A11, B40, C18, D83, I23, O18*

## विषयप्रवेश

अनुसन्धान समस्यामा केन्द्रित हुन्छ । देखिएका समस्याहरुमा कुनै अनुसन्धान भएर समाधान भएको छ कि छैन ? त्यसले पूर्वकार्यसँग सम्बन्ध राख्दछ । यसलाई सम्बद्ध साहित्यको समीक्षा समेत भनिन्छ । अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकनले समस्या छनोट र अध्ययनको उद्देश्य निर्माणमा खेल्ने भूमिका आफूले गर्न थालेको अनुसन्धानको स्वरुप बारेको पहिचानमा

**How to cite this article (APA):** Acharya, O. P. (2024). अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकन पद्धति. *DEPAN, 6*(1), 130-135.

पूर्वकार्य केन्द्रित हुन्छ । सामान्यतया शैक्षिक अनुसन्धानमा उपयोग हुने जर्नल, अनुसन्धान प्रतिवेदन, प्रकाशन पुस्तक, पत्रपत्रिका, इन्टरनेट तथ्यांक बैंक, शोध (थेसिस), इन्साइक्लोपिडिया, ह्याण्डबुक, इनरबुक जस्ता स्रोत सामग्री पूर्वकार्य सम्बद्ध सामग्री हुन् । यस अध्ययनमा अनुसन्धान कार्यमा पूर्वकार्यको पुनरावलोकनले खेलेको भूमिका, यसको महत्व एवम् कार्यात्मक उद्देश्यका सम्बन्धमा अध्ययन गरिएको छ । अनुसन्धानमा पूर्वकार्यको स्थान,यसको महत्व, भूमिका यसले अनुसन्धानलाई गर्ने मद्दत, पुग्ने टेवाका सम्बन्धमा यस लेख मार्फत अध्ययन गरिएको छ ।

## उद्देश्य

अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकनको आवश्यकता/महत्व उल्लेख गर्नु एवम् पूर्वकार्यको पुनरावलोकनले कार्यात्मक रुपमा खेलेको भूमिका दर्शाउनु यस अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य हो ।

## समस्याकथन

पूर्वकार्यको पुनरावलोकन के हो ? पूर्वकार्यको पुनरावलोकन किन गर्ने ? पूर्वकार्यको पुनरावलोकनको कार्य के हो ? पूर्वकार्यको पुनरावलोकन कसरी गरिन्छ ? जस्ता जिज्ञासाहरु नै यस अनुसन्धानमा आएका समस्या हुन् । यिनै प्रश्नहरुको खोजीमा यो लेख केन्द्रित रहेको छ ।

## औचित्य

पूर्वकार्यले पहिले गरिएका कार्य भन्ने हुन्छ । यिनै पूर्वकार्यको अध्ययन, समीक्षा, अवलोकन नै पूर्वकार्यको पुनरावलोकन हो । यस्तो पूर्वकार्यको पुनरावलोकन अनुसन्धानमा किन आवश्यक छ ? यसले अनुसन्धानमा कस्तो भूमिका खेल्छ ? अनुसन्धान र पूर्वकार्यको पुनरावलोकनको सम्बन्ध के छ भन्ने जस्ता कुराहरुका लागि यस लेखको महत्वपूर्ण भूमिका रहन्छ । अनुसन्धान कार्यमा गरिने महत्वपूर्ण पक्ष पूर्वकार्यको पुनरावलोकन कसरी कुन कुन अधारमा गरिन्छ । पुनरावलोकन प्रक्रियाका सम्बन्धमा समेत अनुसन्धान भएकाले यो लेख महत्वपूर्ण रहेको छ । पूर्वकार्यको पुनरावलोकन गरिने सामग्रीहरु के कस्ता रहन्छन् भन्ने बारेमा समेत यस लेखमा उल्लेख भएकाले यो लेख निकै औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको सीमा

यो लेख अनुसन्धानात्मक कार्यमा पूर्वकार्यको पुनरावलोकनको महत्व एवम् कार्यात्मक उद्देश्यका बारेमा मात्र केन्द्रत भएर अध्ययन गरिएको छ । पूर्वकार्यको पुनरावलोकन किन गरिन्छ र त्यसको अनुसन्धानमा के कस्तो महत्व छ । अनुसन्धान र पूर्वकार्यको पुनरावलोकनको के कस्तो सम्बन्ध हुन्छ भन्ने अध्ययनसँग मात्र यो अनुसन्धान सम्बन्धित रहेको छ ।

## अध्ययन विधि

यसमा पुस्तकालय अध्ययन विधि अवलम्बन गरिएको छ । विभिन्न विषय क्षेत्र अनुसन्धानात्मक सामग्रीहरुको गरिएको पूर्वकार्य पुनरावलोकन सम्बन्धी सामग्रीलाई स्रोत सामग्री तथ्यांकका रुपमा लिइ वर्णनात्मक विवरणात्मक रुपमा संकलित सामग्रीको व्याख्या विश्लेषण गरिएको छ ।

## अध्ययनको विश्लेषण

अनुसन्धान कार्यलाई वैज्ञानिक, व्यवस्थित बनाउनका लागि त्यस सम्बद्ध पूर्वकार्यको समीक्षा आवश्यक हुन्छ । अनुसन्धानको समस्या उल्लेख भइसकेपछि त्यससँग सम्बन्धित भएर उद्देश्य तय हुनेगर्दछ र अध्ययन विधि ढाँचा एकिन गरी अनुसन्धान कार्यलाई अघि बढाइन्छ । सम्बन्धित विषयका सामग्रीहरुको व्यवस्थित रुपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु पूर्वर्काको समीक्षा हो ( बन्धु, २०६५ः २८ ) त्यसमा एक महत्वपूर्ण पक्ष आफ्नो अनुसन्धान नयाँ हो वा होइन अर्थात् त्यस क्षेत्रमा कुनै अनुसन्धान वा अन्य कार्य भएको छ कि छैन, छ भने कस्तो भएको छ ? छैन भने किन भएको रहेनछ जस्ता पक्षको स्पष्टताका लागि समेत पूर्वकार्यको पुनरावलोकन गर्नुपर्छ । समस्यालाई परिष्कृत गर्ने, अनुसन्धानको महत्व तथा उपादेयतालाई बृद्धि गर्ने, अनुसन्धान विधि पहिचान गर्ने ( एम.सी.मिलान ओपी.सिआइटी.पीपी.४५–४८) । त्यसैले पूर्वकार्यको पुनरावलोकन किन गर्ने ? यसका कार्यहरु के के हुन् ? यसका उद्देश्य के के हुन् ? भन्ने सम्बन्धमा यस लेख मार्फत अध्ययन गरिएको छ ।

### *सम्बद्ध साहित्यको पुनरावलोकनले अध्ययन क्षेत्र निर्धारण गर्न*

अनुसन्धान गर्न लागिएको विषय वा क्षेत्रको पूर्वकार्यगत पुनरावलोकनले आफ्नो अनुसन्धान कस्तो हो र त्यसमा अशनय कार्य भए नभएको भए कस्तो भएको नभएको भए कुन क्षेत्र बाँकी छ र नितान्त अनुसन्धानका लागि नवीन हुन्छ भन्ने पत्ता लगाउन अनुसन्धानको पक्ष केन्द्रित गर्न पूर्वकार्य आवश्यक हुन्छ ।

### *थप ज्ञान एवम् नवीन ज्ञान तयार पार्न*

सम्बद्ध साहित्यको पुनरावलोकनबाट नयाँ विषयवस्तुको खाजी गरी अध्ययनलाई अगाडि बढाउन सहयोग मिल्छ । जसले गर्दा भए गरेका कार्य नवीन पक्षको खोजी गरी ज्ञान थप्ने कार्य हुन्छ भने अध्ययनको विषयवस्तु नयाँ भएको खण्डमा नवीन ज्ञान प्रतिपादनमा योगदान पुग्दछ ।(एम. सी. मिलान. ओपी. सिआइटी. पीपी.६७–७३) ।

### *अनुसन्धानमा समस्याको पहिचान गर्न सहयोग*

पूर्वकार्यको पुनरावलोकनले अब बाँकी समस्या के हुन् अर्थात् देखिएका जिज्ञासाहरुको समाधान गर्न समस्या पहिचानमा मद्दत गर्दछ । जसले गर्दा समस्याको पहिचान हुन गई अध्ययनको औचित्य पुष्टि हुन्छ । अनुसन्धानको उद्देश्य निर्माण हुनजान्छ । अनुसन्धानका लागि विषय क्षेत्र तय भई अनुसन्धान कार्य अगाडि बढ्छ ।

### *अध्ययनको धारणा तयार पार्न*

अनुसन्धान गरिने विषय क्षेत्रका बारेमा धारणा तयार पार्न सहयोग पूर्वकार्यले गर्छ । के कति अनुसन्धान भएको छ भएकोमा अभाव के छ र अव उप्रान्त कस्तो अध्ययन गरिनु पर्दछ भन्ने कुराको स्पष्ट अध्ययन धारणा तयार गर्न पूर्वकार्यको पुनरावलोकनले सहयोग गर्दछ । पूर्वकार्यको पुनरावलोकनले अध्ययन विश्लेषणको आधार खोज्न, शोधको आवश्यकता बोध गराउन सहयोग पुर्‍याउँछ (शर्मा र लुइँटेल,२०५२ः२८)।

### *अनुसन्धानका प्रश्नहरुलाई सीमित गर्न*

अध्ययनमा उठेका प्रश्नहरुलाई अध्ययनमा केन्द्रित गर्न सीमित गरिन्छ । कति समस्याको समाधान भयो कति समस्याको समाधान हुन बाँकी छ भन्ने सम्बन्धमा केलाएर यसले बाँकी अध्ययनका लागि उठेका प्रश्नहरुको छनोट र सीमितता गरी अध्ययन उद्देश्य तयार पार्न सहयोग गर्दछ ।

### *पुराना अध्ययन अनुसन्धान नदोहोरिन*

यसरी सम्बद्ध साहित्यको पुनरावलोकनले भएका पुराना अध्ययनको समीक्षाले गर्दा अध्ययन दोहोरिने कुरालाई कम गर्छ । त्यससँग सम्बन्धित भएर के कस्तो अनुसन्धानात्मक कार्य भएको छ भन्ने सम्बन्धमा गरिएको पुनरावलोकनले नयाँ अनुसन्धानको खाँचो पुरानो अनुसन्धानको फेहरिस्त गर्दछ । जसले गर्दा अध्ययन दोहोरिन पाउँदैन ।

### *अनुसन्धानको निष्कर्षको विश्लेषण गर्न*

पूर्वकार्यको पुनरावलोकनले सम्बद्ध साहित्यमा भएको अनुसन्धानात्मक कार्य केमा भएको छ त्यसमा कस्तो विधको प्रयोग गरिएको त्यसबाट प्राप्ति वा निष्कर्ष कस्तो भएको छ भन्ने सम्बन्धमा समीक्षा गरने हुँदा उनीहरुले गरेका कार्यको विश्लेषण गहन रुपमा हुने गर्दछ । जसले गर्दा नयाँ अध्ययनको आवश्यकता औल्याउन सहज हुन्छ ।

### *अनुसन्धान विधि छनोट गर्न*

पूर्वकार्यको पुनरावलोकनले पहिले गरिएका अनुसन्धानमा कस्ता विधिको प्रयोग गरिएको छ र अब कुन विधि प्रक्रियाको प्रयोग गरिनु पर्दछ भन्ने सम्बन्धमा छनोट गर्न सहयोग गर्दछ । अनुसन्धान गर्दा प्रभावकारी विधि छनोट हुँदा पूर्वकार्यमा भएका विधिको समीक्षा सहीत प्रयोगयोग्य र व्यवस्थित विधि प्रयोगमा यसले भूमिका खेल्दछ ।

### *अनुसन्धानको उपादेयता पुष्टि गर्न*

अनुसन्धान किन आवश्यक छ भन्ने सम्बन्धमा पूर्वकार्यको समीक्षाबाट स्पष्ट हुन्छ । त्यसैले गर्न थालिएको अनुसन्धानको महत्व, औचित्य र उपादेयता यसप्रकारको पुनरावलोकनबाट झल्किन्छ ।

### *उपलब्धि पहिचान गर्न*

पूर्वकार्यको पुनरावलोकनले अध्ययनबाट भएका उपलब्धिहरुको जानकारी लिन यसप्रकारका समीक्षाबाट सकिन्छ । जसले गर्दा कुन अनुसन्धानात्मक कार्यबाट के प्राप्ति भयो र के बाँकी रह्यो भन्ने पहिचान हुन्छ ।

### *पूर्वकार्यको पुनरावलोकनका विधि*

नवीन अध्ययनबाट साहित्यको पुनरावलोकन गरी पुराना अध्ययनतर्फ जाने यसमा अगिल्ला अध्ययनहरुबाट निस्केका प्राप्तिहरुको सूची तयार पारी  नवीन अध्ययनको खोजी गर्न सक्ने हुन्छ । त्यसैले पुराना नवीन अध्ययनको खोजी यसबाट हुन्छ ।

### *अध्ययनको सारांशसँग आफ्नो सान्द्रभिकताको खोजी*

अध्ययन गर्न थालिएको विषय क्षेत्रसँग भएका अनुसन्धानको मेल हुन्छ कि हुँदैन भन्ने कुराको त्यस अध्ययनको साराशं अध्ययनबाट थाहा हुन्छ त्यसैले अध्ययनको साराशं अध्ययन गरी अनुसन्धानसँगको मेल र वेमेल छुट्याइन्छ  र उपयुक्त सामग्री अवलम्बन गरिन्छ ।

### *अध्ययनसँग सम्बन्धित खण्डको टिपोट गर्नु*

आफ्नो अध्ययनसँग सम्बन्धित पक्ष वा विषयमा केन्द्रित भएर टिपोट गर्दै जानु पर्दछ । यसले समयकोवचत र विषय केन्द्रित हुनमा मद्दत गर्दछ ।

### *प्रत्येक पुनरावलोकन कार्यको सन्दर्भ सूची तयार पार्ने*

आफूले पुनरावलोकन गरेका पूर्वकार्यको सूची तयार पारी सन्दर्भका रुपमा उल्लेख गर्नु पर्दछ । यसले गर्दा अनुसन्धान व्यवस्थित, प्रमाणित र वैज्ञानिक बन्दछ । तसर्थ पुनरावलोकन गरएका पूर्वकार्यको सूची गयार पारिनु पर्दछ ।

### *एक पृष्ठ वा अनुच्छेदमा एकमात्र पूर्वकार्यको पुनरावलोकन*

यसमा पूर्वकार्यको पुनरावलोकन गर्दा एक अनुच्छेद वा पेजमा एक कार्यको मात्र पुनरावलोकन गर्नु पर्दछ । जसले गर्दा भएका पूर्वकार्यको पुनरावलोकन व्यवस्थित बन्दछ । फलस्वरुप अध्ययनका लागि व्यवस्थित बन्दछ ।

### *पूर्वकार्यको पुनरावलोकनको मूल्यांकन*

#### *सम्बन्धित शीर्षकको अगिल्लो कार्यको पुवरावलोकन*

विषय क्षेत्रसँग सम्बन्धित पूर्वकार्यको पुनरावलोकन गरिनु पर्दछ । यसले विषय क्षेत्रको ज्ञान दिनुका साथै थप अध्ययनको आवश्यकता औंल्याउँछ ।

अध्ययनको महत्वपूर्ण प्राप्तिलाई उद्धरण गरनु पर्दछ । यसले गर्दा गहन रुपमा पूर्वकार्यको पुनरावलोकन गरिएको छ छैन भन्ने प्रमाणिक आधार प्रदान गर्ने भएकाले व्यवस्थित पुनरावलोकनमा वैधताका लागि प्राप्त उपलब्धि उद्धरण गरनु पर्दछ ।

#### *प्राप्त सारांशको विश्लेषण गरिएको हुनुपर्दछ*

पूर्वकार्यमा भएका अध्ययनबाट प्राप्त सारांशको विश्लेषण गरिनु पर्दछ । सारांश विश्लेषणले अध्ययनमा भएको प्राप्ति उल्लेख गरिएको हुन्छ । जसले गर्दा यस्तो अध्ययनबाट यसप्रकारको प्राप्ति भएको भन्ने ज्ञान हुनुका साथै थप अध्ययनमा आवश्यकता के को छ भन्ने कुराको जानकारी हुन्छ । पूर्वकार्यको पुनरावलोकन गर्दा अनुसन्धानको शीर्षक वा कार्यबाट संगठित गर्नुपर्दछ । यसले गर्दा शीर्षक सम्बद्ध भएर अध्ययन अगाडि बढ्दछ ।

***पुनरावलोकन अध्ययन कार्यको समस्या र विधिसँग सम्बन्धित हुनुपर्दछ***

पूर्वकार्यको पुवरावलोकन कार्य अध्ययनमा भएका समस्या र उक्त समस्याको खोजीमा तय गरिएको उद्देश्य र प्रयोग गरिएको विधिमा केन्द्रित भएर पुनरावलोकन गरिनु पर्दछ । गरएको छ छैन भनेर पुनरावलोकनमा हेरिन्छ । पूर्ण पूर्वकार्यको पुनरावलोकनमा यी कुराको मूल्याङ्कन हुन्छ ।

पुनरावलोकनले परिकल्पना निर्माणमा विश्वसनीय आधार तय गर्नुपर्दछ ।

पूर्वकार्यको यथेष्ट अध्ययन पश्चात आफ्नो अध्ययनलाई अगाडि बढाउन र अनुसन्धान

परिकल्पनाको निर्माण गर्न मद्दत गरेको हुनुपर्दछ ।

***सैद्धान्तिक संरचना निर्माणमा सहयोग गर्नुपर्छ***

यसरी पूर्वकार्यको पुनरावलोकन पश्चात सैद्धान्तिक पक्षको ज्ञान भएर त्यसको संरचना निमार्णमा मद्दत गर्नुपर्दछ । पूर्वकार्यको पुनरावलोकनमा यो भयो वा भएन भन्ने कुराले भूमिका खेल्दछ । थुर्पै विषय सम्बद्ध पूर्वकार्यको अध्ययन पश्चात तयार हुने सैद्धान्तिक आधार यसले निर्माण गर्न यसले सक्नुपर्छ । यसरी उपर्युक्त आधारहरुले पूर्वकार्यको पुनरावलोकनलाई मूल्याङ्कन गर्दछ । राम्रो तवरले पुनरावलोकन भएको वा नभएको भन्ने सम्बन्धमा यसले विश्लेषण गर्दछ । व्यवस्थित वैज्ञानिक रुपले पूर्वकार्यको पुनरावलोकनगरिएको खण्डमा अनुसन्धान विश्वसनीय र वैध हुनमा सहयोग पुग्दछ ।

***सैद्धान्तिक ढाँचा***

अनुसन्धानको सैद्धान्तिक ढाँचा तयार गर्न भूमिका खेल्ने भनेकै पूर्वकार्यको पुनरावलोकनले हो । यसमा भएका पूर्वकार्यमा प्रयोग गरिएका सिद्धान्त र प्राप्त भएका आधार मानेर सिद्धान्त तयार गरिएको हुन्छ । तयार भएको सिद्धान्तका आधारमा अनुसन्धानलाई अगाडि बढाउन सहज हुन्छ । यसमा सैद्धान्तिक स्वरुप आगमन वा निगमन ढाँचाको हुन्छ । पुनरावलोकनबाट प्राप्त जानकारीका अधारमा अनुसन्धान समस्यासँग सम्बन्धित सिद्धान्तहरु नै सैद्धान्तिक ढाँचा निर्माणका आधार हुन् । प्राप्त विवध सिद्धान्तलाई अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानलाई जुन सिद्धान्त उपयुक्त हुन्छ सोहीअनुरुप अवलम्बन गरेर लैजान मद्दत पुग्छ ।

***अवधारणात्मक ढाँचा***

सैद्धान्तिक ढाँचाको निर्क्योल भइसकेपछि अवधारणात्मक ढाँचा तयार पारिन्छ । अवधारणात्मक ढाँचाको मूख्य आधार भनेको नै सैद्धान्तिक ढाँचा हो । अनुसन्धानलाई अनुसन्धानकर्ताले कसरी पूर्णता दिने भन्ने कुरा अवधारणात्मक ढाँचाबाट पुरा हुन्छ । यो कुरा चित्रात्मक रुपमा उल्लेख गरिएको हुन्छ । अनुसन्धानमा छनोट भएका चरहरुको सम्बन्ध समेत उल्लेख हुनेगरी अवधारणात्मक ढाँचा समेत प्रस्तुत हुन्छ । यी दुबै ढाँचा पूर्वकार्यको पुनरावलोकनबाट तयार हुन्छ । जसले गर्दा आफूले गर्ने अनुसन्धान वैज्ञानिक र व्यवस्थित भएर गर्न सजिलो हुन्छ । यी दुबै ढाँचाबाट कुन सिद्धान्तमा रहेर अनुसन्धान गर्ने भन्ने स्पष्ट हुन्छ । अनुसन्धान के कुरामा केन्द्रित छ भन्ने कुरामा संगठित हुन्छ  क्षेत्र र विषय के हो भन्ने कुरामा स्पष्ट हुन्छ । अनुसन्धान कार्यलाई सहज बनाउनमा समेत सहयोग पुग्छ ।

## निष्कर्ष

अनुसन्धानमा पूर्वकार्यको पुनरावलोकन अति आवश्यक छ । यसले पुरा कामको पुनरावलोकन गर्दै नयाँ काम गर्नमा भूमिका खेल्दछ । यसले सिद्धान्तको खोजी, नवीन अनुसन्धानको तय गर्नमा मद्दत गर्दछ । यसले भएका अनुसन्धानलाई दोहोरिन दिदैन, अध्ययनको सैद्धान्तिक ढाँचा र अवधारणात्मक ढाँचा तयार गर्नमा समेत पूर्वकार्यको पुनरावलोकनको ठूलो भूमिका हुन्छ । यसले अध्ययन क्षेत्र निर्धारण गर्न, नवीन ज्ञान प्रतिपादन गर्न, अनुसन्धानात्मक समस्याको पहिचान गर्न, अध्ययनको धारणा तयार पार्न, अनुसन्धानका प्रश्नहरु तयार पार्न, अनुसन्धानका प्रश्नहरु सीमित पार्न, अनुसन्धानका निष्कर्षको विश्लेषण गर्न, अनुसन्धानमा विधिको छनोट गर्न, उपलब्धि पहिचान गर्न, अनुसन्धानको उपादेयताको पुष्टि गर्न पूर्वकार्यको पुवरावलोकन जरुरी छ । यसका केही निश्चित विधि प्रक्रियाहरु छन् । तिनको । अवलम्बन गरिनु पर्दछ । वैज्ञानिक व्यवस्थित रुपले पूर्वकार्यको पुनरावलोकन भएको छ कि छैन भनेर अध्ययनलाई सैद्धान्तिक र धारणात्मक ढाँचा निर्माणमा सहयोग पुग्छ । अनुसन्धान गर्नका लागि पूर्वकार्यको पुनरावलोकन निश्चित पद्धतिमा गर्नुपर्छ जसले सम्बन्धित शीर्षकको अगिल्लो कार्यको पुनरावलोकन, प्राप्त सारांशको विश्लेषण, सैद्धान्तिक संरचना निर्माणमा सहयोग पुग्दछ ।

**सन्दर्भसामग्री सूची**,

बन्धु, चूडामणि (२०६५), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौं : रत्न पुस्तक भण्डार ।
शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल ( २०५२ ), शोधविधि, काठमाडौं : साझा प्रकाशन ।
Best, J. W. (1959). Research in education. USA: Prentice Hall Inc.
Gay, L. R. (1976). Educational research:Competencies for analysis and application. Columbus: A Bell and Howell Company.
Joshi, P. R. (2001). Research Methodology. Kathmandu: Buddha A. P. and D. Pvt. Ltd.
Kumar, R. (2005). Research Methodology. New Delhi:Dorling kindersly pvt. Ltd.
Mc Millan, J. H. (2000). Education Research:Fundamentals for the Consumer. New York:Adison Wesley Longman.
Sharma, R. N. (2003). Methodology of educational research. Delhi: Surjeet Publications.